<u>सर्लाही जिल्लाको गोडैतामा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा</u>

# व्यवसायिक भैंसीपालन तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफ्ना ५० जना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ माघ २१ गते देखि २३ गते सम्म सर्लाही जिल्लाको गोडैतामा **"व्यवसायिक भैंसीपालन तालिम"** सम्पन्न गरेको संस्थाका गोडैता शाखा कार्यालयका शाखाप्रमुख श्री कमलेश कुमार मंडलले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरु श्री मुकुन्द मुरारी झा, श्री रामचन्द्र कुसवाहा र श्री सुशील यादब रहेका थिए ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिई रहेको साथै यस संस्थाबाट कर्जा लिई व्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नति तिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय प्रमुख श्री शिवराज रावलले बताए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्यबारेमा संस्थाको गोडैता शाखा कार्यालयका प्रमुख कमलेश कुमार मंडलले प्रकाश पारेका थिए ।

तालिमको पहिलो दिन सहभागीहरुको नाम दर्ता, परिचय, यस तालिमको उदेश्य, महत्व र संचालन प्रकिया शाखा प्रमुख कमलेश कुमार मंडलले जानकारी गराए । पशुसेवा प्राविधिक मुकुन्द मुरारीले भैंसीपालनको महत्व, नेपालमा पाइने विभिन्न जातका भैंसी, यसको जात, उमेर, दुधालु जातका भैंसी को छनौट, रोगी, निरोगीको बारेमा प्रकाश पार्नु भयो । दोस्रो दिन, गाईभैंसी




पालन विधि, गोठ निर्माण, कृतिम र प्राकृतिक गर्भाधान, ब्याउने गाईभैंसी तथा बाछाबाछीको हेरचाह, बिगौती दुधको महत्व पशू प्राबिधिक रामचन्द्र कुसवाहाले जानकारी गराउनु भयो । क्षेत्रिय प्रमुख शिवराज रावलले बैंकले प्रदान गर्ने सेवाहरु, हाल संस्थाको अवस्था, सामाजिक सुरक्षणकोष, सदस्य दोहोरोपन आदि बारे जानकारी गराउनु भयो । साथै सहभागीहरुलाई बस रिजर्ब गरी अबलोकनको लागि रामबन स्थित सागर पशु फर्म लगी अबलोकन गराइयो । तेस्रो दिन, दुधालु गाईभैंसीको लागि बहुवर्षे घास उत्पादन बारे जानकारी गराउनु भयो । गाई भैंसीमा परिजिविबाट हुने रोग, खोप, भैंसी पालनको योजना, बजार व्यवस्थापन, मुख्य रोगहरुबारे सामान्य जानकारी, रोकथाम, लक्षन आदि बारे पनि पशू प्राबिधिक रामचन्द्र कुसवाहाले जानकारी गराउनु भयो । सम्बन्धित विषयहरु तथा बचतको महत्व तथा संस्थाको पब्लिक डिपोजिटको र संस्थाका सेवाहरुको बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिलगर्ने मौका पाएको गोडैता शाखाका शाखा प्रमुख श्री  कमलेश कुमार मंडल ले बताए ।

तालिमको अन्त्यमा तालिमको मूल्याकंन सहभागी श्री अल्पना कुमारी र श्री उषा देबीले मन्तब्य मार्फत राखेका थिए । व्यवसायिक रुपमा भैसीपालन गरेमा राम्रो फाईदा लिन तालिमले सहयोग गर्ने सहभागीहरुले बताएका थिए ।




UKaid
भैंसी पालन तालिम
आयोजक